बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ बर्ष८ अंक ३० मिति : चैत्र ५ गते २०८०

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## भाग -२

# बुद्धभूमि नगरपालिका, कपिलवस्तु
# सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०८०

**नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।११।२५**

## प्रस्तावना:

आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै बुद्धभूमि नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरुको प्रवर्द्धन, संरक्षण र नियमन गर्न साथै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, प्रभावकारी रुपले सहकारी अभियान समयानुकूल अगाडि बढाउन वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ख), बुद्धभूमि नगरपालिकाको सहकारी ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरि कार्यपालिका बैठकले यो सहकारी सञ्जाल (गठन तथा परिचालन) सम्बन्धी कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद – १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"बुद्धभूमि नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि बुद्धभूमि नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२. परिभाषाः**

(१) "प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(२) "उप-प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ।

(३) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्छ।

(४) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(५) "सचिव" भन्नाले सहकारी सञ्जालको सचिवलाई सम्झनु पर्छ।

(६) “सदस्य” भन्नाले सहकारी सञ्जालको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले सहकारी सञ्जालका संयोजक, सह संयोजक, सचिव र सदस्यलाई समेत जनाउछ ।

(७) “सहकारी शाखा प्रमुख” भन्नाले नगरपालिकाको सहकारी हेर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

(८) “सञ्जाल” भन्नाले बुद्धभूमि नगरपालिका अन्तरगत गठन भएको सहकारी सञ्जाललाई सम्झनुपर्छ ।

(९) “सहजीकरण समिति” भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठन भएको कार्यक्रम सञ्चालन तथा सहजीकरण समितिलाई सम्झनु पर्छ ।

(१०) “सहकारी विज्ञ” भन्नाले सहकारी क्षेत्रमा कम्तिमा पाँच वर्ष अनुभव प्राप्त ब्यक्तिलाई सम्झनुपर्छ।

(११) “सह–संयोजक” भन्नाले सहकारी सञ्जालको सह–संयोजकलाई सम्झनु पर्छ ।

(१२) “सहकारी हेर्ने विषयगत समितिको संयोजक” भन्नाले नगरपालिकाको आर्थिक विकास हेर्ने विषयगत समितिको संयोजकलाई सम्झनु पर्छ ।

(१३) “संयोजक” भन्नाले सहकारी सञ्जालको संयोजकलाई सम्झनु पर्छ ।

(१४) “ नगर कार्यपालिकाको कार्यालय” भन्नाले बुद्धभुमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

संघीय सरकारबाट नगरपालिकामा हस्तान्तरण भै आएका सहकारी संस्था र नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरी सञ्चालनमा रहेका सहकारी संस्थालाई समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत एवं स्वशासित संगठनको रुपमा सञ्चालन गर्न र संस्थाका सदस्यहरुको आर्थिक विकासमा समेत टेवा पुर्याउन सञ्जालको उद्देश्य निम्न अनुसार हुनेछनः

(१) सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप कारोवार सञ्चालन गर्न सहयोगीको भूमिका निर्वाह गर्ने ।

(२) नगरपालिकाका सहकारीका सदस्यहरुलाई उद्यमसिलता, सहकारी खेती, उद्योग, बस्तु तथा सेवा, ब्यवसायको माध्यमबाट आत्मनिर्भर बन्न सहयोग पुर्याउने ।

(३) विभिन्न निकायसंग समन्वय र सहकार्य गरी नगरपालिकामा सञ्चालित सहकारी संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

(४) सहकारी संस्थामा सुशासन कायम राख्न नगरपालिका भित्रका सहकारी संस्थाहरु वीच समन्वय र सह–कार्य गर्ने ।

(५) सहकारीको माध्यमबाट बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, बजारीकरण लगायतका कार्यमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन पहल गर्ने।

(६) सहकारीको माध्यमबाट शित भण्डार निर्माण, सहकारी सस्तो पसल सञ्चालन, उद्योग, वस्तु तथा सेवा मुलक ब्यवसाय लगायतका व्यवसायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा नगरपालिकासंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने।

(७) सहकारी शिक्षाको माध्यमबाट सहकारी सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनमा टेवा पुर्याउने।

(८) समस्यामा परेका सहकारी संस्थाको समस्याको पहिचान गरी समाधानको उपाय खोज्ने।

(९) सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्याउने।

(१०) नगरपालिका अन्तरगत सहकारी शाखासगँ समन्वय गरी समग्र सहकारी विकास र मूल्य, मान्यता र सिद्धान्तमा सहकारीलाई डोर्याउने तथा मार्गदर्शन गर्ने।

(११) समस्याग्रस्त सहकारीको पहिचान, छलफल र समाधान खोज्ने

**४. सहकारी सञ्जालको कार्यक्षेत्रः** सञ्जालको कार्य क्षेत्र नगरपालिका क्षेत्रभित्र रहने छ।

**५. कार्यालय ब्यवस्थापनः** (१) सञ्जालको आफ्नो कार्य सञ्चालनको लागि अनौपचारिक रुपमा कार्यालय रहनेछ। पत्राचार, ठेगाना, सम्पर्क नम्बर, सञ्जालले तोके बमोजिम हुनेछ। यसको जानकारी नगरपालिका र सम्बन्धित निकायहरुमा समेत गराइनेछ।

## परिच्छेद–२
## समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**६. नगर स्तरिय सञ्जालको गठनः**

(१) नगरपालिका भित्र कार्यक्षेत्र रहेका र क्रियाशील विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी ११ सदस्यीय बुद्धभूमि नगरपालिका स्तरीय सहकारी सञ्जाल गठन देहाय बमोजिम गर्न सकिनेछः

(क) संयोजक - १

(ख) सह-संयोजक – १

(ग) सचिव -१

(घ) कोषाध्यक्ष – १

(ङ) सहकारी संस्थाका प्रतिनिधि -७ सदस्य

(२) सञ्जालका पदाधिकारीहरु नगरपालिकाका सबै क्रियाशिल सहकारी संस्थाका सञ्चालक समितिका प्रमुख/पदाधिकारी मध्येबाट प्रत्येक वडावाट सम्भव भए सम्म १ जनाको दरले निर्वाचित हुनेछन् ।

(३) सञ्जालका पदाधिकारीहरुको पदावधि तीन वर्ष हुनेछ ।

(४) सञ्जालमा संभव भएसम्म कम्तिमा तेत्तीस प्रतिशत महिला निर्वाचित गरिनेछ । संयोजक र उपसंयोजकमध्ये एक जना महिला हुनु पर्नेछ ।

(५) नगरपालिकाका सबै क्रियाशील सहकारी संस्थाले उपदफा (१) बमोजिमको सञ्जाल गठनको लागि प्रतिनिधि तोकी पठाउनु पर्नेछ । ती प्रतिनिधिहरुको एक निर्वाचन मण्डलबाट संजालका पदाधिकारीहरु निर्वाचित हुनेछन् ।

**७. कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति:**

(१) नगरपालिकाभित्र कार्यक्षेत्र रही क्रियाशिल सहकारी संस्थाको सञ्जाल मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालन तथा सहजीकरणको लागि तपशिल बमोजिमको कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति गठन हुनेछ । समितिको सहजीकरण दफा ६ बमोजिम गठित सञ्जालको लागि मार्गदर्शन हुनेछ ।

(१) सहकारी शाखा प्रमुख – संयोजक

(२) सहकारी सञ्जालको संयोजक – सदस्य

(३) सहकारी सञ्जालको सह-संयोजक / सचिव – २ सदस्य

(४) सहकारी शाखाको कर्मचारी १ – सदस्य सचिव

(५) समितिले बैठकमा आवश्यकतानुसार नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सहकारी विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

**८. सञ्जालको बैठक सम्बन्धी व्यवस्था:**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा सचिवले संजालको बैठक बोलाउनेछ ।

(२) संयोजकको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा १ (एक) दिन अघि बैठकका विषयको जानकारी सबै सदस्यहरुलाई गराउनु पर्नेछ ।

(३) सञ्जालमा ५१% सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । निर्णय गर्दा बहुमतको आधारमा निर्णय गरीनेछ र मत बराबर भएमा संयोजकले निर्णयक मत दिनेछ ।

(४) सञ्जालको बैठकका विषय र निर्णय सहकारीको मूल्य, मान्यता, सिद्धान्त र प्रचलित सहकारी

कानून बमोजिम सहकारी संस्थाको प्रवर्द्धन , विकास र सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछन् ।

(५) सञ्जालको बैठकको निर्णयपुस्तिका संयोजकले प्रमाणित गर्नेछ ।

(६) सञ्जालको दुई बैठक बीचको अन्तर चार महिना भन्दा बढी हुने छैन ।

(७) संजालको बैठक विभिन्न सहकारी संस्थाको आलोपालो अनुसार बस्न सकिनेछ ।

**९. सञ्जालको काम, कर्तब्य र अधिकारः**

सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि नगरपालिकासंग प्रत्यक्ष रुपमा सहकार्य गरी नगरस्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

(२) प्रत्येक वर्ष प्रथम चौमासिक अविधिभित्र कम्तिमा एकपटक नगरपालिकास्तरीय सहकारी संस्थाहरुको भेला गर्ने ।

(३) नगरपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गर्न नगरपालिका र स्थानीय गैर सरकारी संघ संस्था तथा गैर नाफामूलक संघ संस्थासंग समन्वय र सहकार्य गर्ने ।

(४) उपदफा (३) बमोजिमका तालिम तथा कार्यक्रम तयार गरी दफा ८ बमोजिम गठित कार्यक्रम सञ्चालन तथा सहजीकरण समितिलाई जानकारी गराउने ।

(५) नगरपालिकाभित्र कार्यक्षेत्र रहका विषयगत र बहुउद्देश्यीय सहकारी संस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक वर्ष साउन मसान्तभित्र तथ्यांक, सार्वजनिक गर्ने ।

(६) उपदफा(५) बमोजिम तथ्याङ्क संकलन गर्दा सञ्जालले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछ ।

(७) नगरपालिकास्तरीय सहकारीको समग्र विकासको लागि नगरपालिकालाई आवश्यक राय,सुझाब र पृष्ठपोषण गर्ने ।

(८) संजालका सदस्य संस्थाले आपसी समझदारी र निर्णयबाट आ-आफ्नो सहकारी शिक्षा कोष र सहकारी विकास कोसको रकमबाट तालिम गोष्ठी र नियमानुसारको बैठक भत्तामा रकम खर्च गर्न सक्नेछन ।

## परिच्छेद–३
## विविध

**१०. सामाजिक परीक्षण गराउन सक्नेः**

(१) सञ्जालले कार्यविधिमा उल्लिखित उद्देश्य अनुसार सञ्जालबाट भए गरेका निर्णय र कार्यक्रम तथा तालिम, सहकारीले प्राप्त गरेका सेवा र सुविधा, सदस्यको सन्तुष्टीको स्तर, आर्थिक कारोवार लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन नगरपालिका पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी नगर कार्यपालिकाले आवश्यकता अनुसार सञ्जाललाई निर्देशन दिन सक्नेछ।

**११. बाधा अड्काउ फुकाउः**

यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै जटिलता आईपरेमा सो को बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यापालिकालाई हुनेछ।

**१२. खारेजी र बचाउः**

(१) सञ्जालद्वारा संचालित कार्यक्रम, तालिम तथा आर्थिक कारोबार नगरपालिका र सहकारी सम्बन्धी प्रचलित कानून वमोजिम व्यवस्थित हुनेछन्।

(२) उपदफा (१) वमोजिमका कार्यक्रम, तालिम तथा आर्थिक कारोबार नगरपालिका र सहकारीका प्रचलित कानूनसंग बाझिएमा स्वतः खारेज हुनेछन्।

आज्ञाले
ध्रुब प्रसाद नेपाल
प्रमुख प्रशासकीय अधिकृत
बुद्धभूमि नगरपालिका, कपिलवस्तु